साविकको उन्नति लघुवित्त वित्तीय संस्था र सहकार्य लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिए पश्चात् बनेको यस उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाको कुल चुक्ता पुँजी रु.२२,९०,२०,६१८.२९/-(अक्षरेपी बाईस करोड नब्बे लाख बिस हजार छ सय अठार रुपैया दुई नौ पैसा मात्र)को ७५.४५ प्रतिशतले हुन आउने संस्थापक समूहको रु.१७,२८,०६,०१५.४२/-(अक्षरेपी सत्र करोड अठ्ठाइस लाख छ हजार पन्ध्र रुपैयाँ बयालिस पैसा मात्र) र २४.५५ प्रतिशतले हुन आउने सर्वसाधारण समूहको रु.५,६२,१४,६०२.९०/-(अक्षरेपी पाँच करोड बैसट्ठी लाख चौध हजार छ सय दुई रुपैयाँ नब्बे पैसा मात्र) रकम बराबरको शेयर कायम रहेको हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कुल जारी पुँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.१,७८,४५,११८/-(अक्षरेपी एक करोड अठहत्तर लाख पैतालिस हजार एक सय अठार रुपैयाँ) रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका १,७८,४५१.१८ कित्ता शेयर सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८० आषाढ ०५ गते "[ICRANP-IR] B+" प्रमाणपत्र प्राप्त गरेको छ । जसले High risk of default regarding timely servicing of financial obligations भन्ने जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा -(घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B+ को स्थिती [ICRANP -IR] BB- भन्दा एक चिन्ह तल रहन्छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८०/०३/०५ क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८१/०३/०४

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्र प्राप्त

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड

Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

रजिष्टर्ड (केन्द्रीय कार्यालय) : सिद्धार्थनगर नगरपालिका - १२, भैरहवा रुपन्देही
फोन न. ०७१-५७११२६/५७११२८, Email: info@unatislbs.com, URL: www.unnatislbs.com

को

आह्वान-पत्र

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः	
निष्काशन खुल्ला हुने मिति :	२०८०/०७/२१ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/०७/२४ गते (बैकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०८/०५ गते (बैकिङ्ग समय पश्चात्) सम्म

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

नेटवर्थ सम्बन्धि विवरण

विवरण	वास्तविक			अपरिष्कृत आ.व.२०७९/८० आषाढ मसान्त*	प्रक्षेपित		
	आ.व. ०७६/७७	आ.व. ०७७/७८	आ.व. ०७८/७९		आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	११३.६२	२४८.३६	२००.३६	२०४.६७	२०२.२०	२१५.८१	२३९.७५
प्रति शेयर आम्दानी (रु.)	२२.०१	६१.४६	५.०८	३.३४	६.९१	१३.६१	२३.९४
सञ्चित नाफा/नोक्सान (रु. हजारमा)	९०६	२,०९४	३,६७२	९,६१४	२२,९१८	४९,१२९	९५,२२४

*नोट : व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित आ.व.२०७९/८० आषाढ मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/०६/२६, नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०६/२९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०७/०१

१. संस्थाको नाम : उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड (Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited)

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं १२ भैरहवा, रुपन्देही ।

४. कारोवार गर्ने मुख्य स्थान :

हाल यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान सिद्धार्थनगर न.पा. वडा नं १२ भैरहवा, रुपन्देही रहेको छ र मिति २०८०/०३/३१ गतेसम्म यस वित्तीय संस्थाको शाखा कार्यालयहरु देशभरका २८ जिल्लाहरुमा जम्मा ८२ शाखा रहेका छन् । साथै आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृती लिई नेपाल भर शाखा, उपशाखा तथा अन्य कार्यालयहरु खोली कारोवार गर्न सक्नेछ ।

क्र.स.	शाखा कार्यालय	ठेगाना	क्र.स.	शाखा कार्यालय	ठेगाना
१.	शिवपुर शाखा	शिवपुर ६,चन्द्रौटा	४२.	सन्तपुर शाखा	चन्द्रपुर न.पा.८, रौतहट
२.	बोडगाँउ शाखा	मोतिपुर ६, कपिलवस्तु	४३.	बयलवास शाखा	ईश्वरपुर न.पा.७, सर्लाही
३.	कृष्णनगर शाखा	कृष्णनगर ६, कपिलवस्तु	४४.	बरहथवा शाखा	बरहथवा न.पा.७, सर्लाही
४.	घोरबन्दा शाखा	चिर्तुङधारा ७, पाल्पा	४५.	बिर्ता शाखा	गरुडा न.पा. ८, रौतहट
५.	गोरुसिंगे शाखा	जयनगर ७, कपिलवस्तु	४६.	कान्तिबजार शाखा	गौशाला न.पा. १२, महोत्तरी
६.	मैनिहवा शाखा	दोहनी ४,कपिलवस्तु	४७.	हरिपुर्वा शाखा	हरिपुर्वा न.पा. ५, सर्लाही
७.	पकडी शाखा	पकडी २, कपिलवस्तु	४८.	बंकुल शाखा	बोधीमाई न.पा. ७ ,रौतहट
८.	रिडिबजार शाखा	रुरु ६, गुल्मी	४९.	भंगाहा शाखा	भंगाहा न.पा. ५,महोत्तरी
९.	नेटाबजार शाखा	गौडाकोट ७, गुल्मी	५०.	महोत्तरी शाखा	महोत्तरी न.पा. २, महोत्तरी
१०.	फुदवाङ शाखा	खाँचीकोट ५, अर्घाखाची	५१.	मदनपुर शाखा	कविलासी न.पा. ६,सर्लाही
११.	हाटिवनगाई शाखा	हाटीवनगाइ ४, रुपन्देही	५२.	शम्सी शाखा	सम्सी गा.पा ६, महोत्तरी
१२.	शंकरपुर शाखा	सिक्टहन ६, रुपन्देही	५३.	मधुवन शाखा	विष्णु गा.पा. ३, सर्लाही
१३.	नारायणस्थान शाखा	नारायणस्थान ८, बाग्लुङ	५४.	बलरा शाखा	बलरा न.पा.४ ,सर्लाही
१४.	मर्यादपुर शाखा	मर्यादापुर २, रुपन्देही	५५.	नर्सही शाखा	सुस्ता गा.पा. ४, नवलपरासी पश्चिम
१५.	जस्पुर शाखा	नयाँगाउँ १, प्युठान	५६.	सोमनी शाखा	प्रतापपुर गा.पा. ३, नवलपरासी पश्चिम
१६.	मरस्ठाना शाखा	प्युठान न.पा. १७, प्युठान	५७.	अमानीगञ्ज शाखा	पाल्हीनन्दन गा.पा. २, नवलपरासी पश्चिम
१७.	चुवा शाखा	कुश्मा न.पा. १२, पर्वत	५८.	मिथिलेश्वर शाखा	मिथिला बिहारी न.पा. ३, धनुषा
१८.	हरैया शाखा	रुद्रपुर ९, रुपन्देही	५९.	भठियन चोक शाखा	सबैला न.पा. ९,धनुषा
१९.	गजेडी शाखा	गजेडी ४, रुपन्देही	६०.	हर्षहा शाखा	औरही गा.पा. ५, धनुषा
२०.	मंगलपुर शाखा	बिष्णुपुरा ४, रुपन्देही	६१.	फुलकाहा शाखा	नगराइन न.पा.३, धनुषा
२१.	धकधई शाखा	धकधई ६, रुपन्देही	६२.	मिलनचोक शाखा	लहान न.पा. ३, सिराहा
२२.	पडसरी शाखा	पडसरी ९, रुपन्देही	६३.	सोनवर्षा चोक शाखा	नवराजपुर गा.पा.४, सिराहा
२३.	बकुली शाखा	मानमटेरिया ६, रुपन्देही	६४.	रामपुरबजार शाखा	लक्ष्मीपुर पतारी गा.पा. १, सिराहा
२४.	मल्लाजमाजफाँट शाखा	मल्लाजमाजफाँट ३, पर्वत	६५.	कसाहाचोक शाखा	धनगढीमाई न.पा.८, सिराहा
२५.	बाँसगढी शाखा	सैनामैना न.पा. १०, रुपन्देही	६६.	बोधे बर्साइन शाखा	बोधेबरसाईन न.पा.७, सप्तरी
२६.	नयाँगाउँ शाखा	बुटवल उप महा न.पा. १५, रुपन्देही	६७.	खर्चइया शाखा	खडक न.पा. ५, सप्तरी
२७.	महिलवार शाखा	लुम्बिनी सांस्कृतिक न.पा. १०, रुपन्देही	६८.	मटेरिया शाखा	बाँसगढी न.पा. ४, बर्दिया
२८.	महाराजगञ्ज शाखा	महाराजगञ्ज न.पा. २, कपिलवस्तु	६९.	बेलुवा मदनचोक शाखा	मधुवन न.पा. ४, बर्दिया
२९.	बाग्लुङ शाखा	बाग्लुङ न.पा. १, बाग्लुङ	७०.	भौलागौडी शाखा	बढैयाताल गा.पा. ३, बर्दिया
३०.	योगिकुटी शाखा	तिलोत्तमा न.पा. १, रुपन्देही	७१.	सिउनी शाखा	बारबर्दिया न.पा. ७, बर्दिया
३१.	भलुहि शाखा	देवदह न.पा. ९, रुपन्देही	७२.	बेतहानी शाखा	डुडुवा गा.पा. २, बाँके
३२.	रामपुर शाखा	रामपुर न.पा.७, पाल्पा	७३.	बेलभार शाखा	जानकी गा.पा. २, बाँके
३३.	बाबियाचौर शाखा	मंगला २, म्याग्दी	७४.	गण्डकचोक शाखा	प्रसौनी गा.पा. ३, बारा
३४.	जोमसोम शाखा	घोरपफोङ ३, मुस्ताङ	७५.	लगडाचोक शाखा	बारागढी गा.पा. ४, बारा
३५.	राजाको चौतारा	रुपा ६, कास्की	७६.	दधिअवा शाखा	फतुवाबिजयपुर न.पा. १०, रौतहट
३६.	बाँडखोला	पुतलीबजार न.पा. ३, स्याङ्जा	७७.	सिसहनिया शाखा	राप्ती गा.पा. ७, दाङ
३७.	जहरे शाखा	भेरीगंगा न.पा. ९, सुर्खेत	७८.	जुम्लेकुला शाखा	शान्तिनगर गा.पा.४, दाङ
३८.	लिवाङ शाखा	रोल्पा न.पा. २, रोल्पा	७९.	शान्तिपुर शाखा	बेलौरी न.पा. ५,कन्चनपुर
३९.	बालुवासंग्रही शाखा	बनगाड कुपिन्डे न.पा. ११, सल्यान	८०.	सुन्दरपुर शाखा	बेदकोट न.पा. ९,कन्चनपुर
४०.	हरिवन शाखा	हरिवन न.पा.९, सर्लाही	८१.	गप्फा शाखा	लम्कीचुहा न.पा. ८, कैलाली
४१.	बर्दिबास शाखा	बर्दिबास न.पा.१, महोत्तरी	८२.	सिमरी शाखा	जोशिपुर गा.पा. ६, कैलाली

५. संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ : उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था २०७०/०९/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । यस लघुवित्त वित्तीय संस्थाले मिति २०७१/०६/१३ गते लघुवित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७१/०७/२१ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाको कार्य क्षेत्र नेपाल भरी रहेका छन् । यस लघुवित्त वित्तीय संस्था श्री उन्नति लघुवित्त वित्तीय संस्था र श्री सहकार्य लघुवित्त वित्तीय संस्थासँग गाभिए पश्चात् उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७७/०३/२६ गतेदेखि एकिकृत कारोबार सञ्चालन भई आएको छ । यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट विपन्न तथा निम्न वर्गलाई गुणस्तरीय तथा भरपर्दो लघु वित्तीय सेवा उपलब्ध गराउने ।

(ख) कृषि, लघुउद्योग, सेवा, लघुव्यापार तथा अन्य व्यवसायिक रुपले सम्भावना देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक लघु वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषिक्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पुँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) लघुवित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मदत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र लघुवित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरणः

- **अधिकृत पूँजी :** लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड) रहेको छ । उक्त पुँजीलाई रु.१००/- का दरले ४०,००,००० (चालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी :** लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.२४,६८,६५,७३६.३२ (चौबिस करोड अडसठ्ठी लाख पैसठ्ठी हजार सात सय छतीस रुपैयाँ तीन दुई पैसा मात्र) रहेको छ जसलाई रु.१००/- का दरले २४,६८,६५७.३६ थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी :** लघुवित्त वित्तीय संस्थाको हाल चुक्ता पुँजी रु.२२,९०,२०,६१८.२९/- (बाईस करोड नब्बे लाख बीस हजार छ सय अठार रुपैया दुई नौ पैसा मात्र) रहेको छ जसलाई रु.१००/- का दरले २२,९०,२०६.१८ थान शेयरमा विभाजन गरिएको छ ।

स्वीकृत विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पुँजी रु.२४,६८,६५,७३६.३२ (चौबिस करोड अडसठ्ठी लाख पैसठ्ठी हजार सात सय छतीस रुपैया तीन दुई पैसा मात्र) हुनेछ ।

अधिकृत, जारी तथा चुक्ता पुँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

क्र.सं.	आ.ब.	अधिकृत पुँजी	जारी पुँजी	चुक्ता पुँजी
१	२०७०/०७१	४,४०,००,०००	२,२०,००,०००	१,५४,००,०००
२	२०७१/०७२	४,४०,००,०००	२,२०,००,०००	१,५४,००,०००
३	२०७२/०७३	८,८०,००,०००	४,४०,००,०००	३,०८,००,०००
४	२०७३/०७४	११,००,००,०००	५,५०,००,०००	३,८५,००,०००
५	२०७४/०७५	१३,२०,००,०००	८,८२,७५,०००	८,८२,७५,०००
६	२०७५/०७६	३०,००,००,०००	१४,९५,३६,६५०	१४,९५,३६,६५०
७	२०७६/०७७	३०,००,००,०००	१८,९८,९७,७०६.३८	१७,६१,६९,७०६.३८
८	२०७७/०७८	४०,००,००,०००	२४,६८,६५,७३६.३२	२२,९०,२०,६१८.२९
९	२०७८/०७९	४०,००,००,०००	२४,६८,६५,७३६.३२	२२,९०,२०,६१८.२९

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संगठित संस्थाको चुक्ता पुँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूंजी प्रतिशत(%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१,७२८,०६०.१५	७०	१७,२८,०६,०१५।४२	शत प्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	७४०,५९७.२१	३०	७४,०५९,७२०।९०	निष्काशन पश्चात् शतप्रतिशत हुन
	जम्मा	२,४६८,६५७.३६	१००	२४६,८६५,७३६.३२	

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

समूह क संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित/ निर्वाचित	४ (चार) जना
समूह ख सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

९. सञ्चालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

(क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभुत शेयरधनीहरुको विवरण : यस संस्थाको चुक्ता पुँजीको ५% वा सो भन्दा बढी शेयर लिएको कुनै पनि शेयरधनी नरहेकोले आधारभुत शेयरधनी नभएको हो ।

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१.	श्री खड्ग बहादुर राना	अध्यक्ष (संस्थापक समूह)	७०	नेपाली	जोहांग-५, गुल्मी	४८,७१६	स्नातक (मानविकी संकाय)	नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा ३६ वर्ष (मिति २०३१ देखि मिति २०६७ सम्म) को कार्यानुभव ।	यस वित्तिय संस्थामा विगत ९ वर्ष देखि सञ्चालकको अनुभव
२.	श्री खिल राज मैनाली	सञ्चालक (संस्थापक समूह)	४१	नेपाली	हरिवन-८, सर्लाही	१६,०८१	स्नातकोत्तर (व्यवस्थापन संकाय)	अडिट एस्सिटेण्ट : डि.दाहाल एण्ड कम्पनी, नयाँ बानेश्वर, काठमाडौं (२०५८-२०६२) क्यास अफिसर : क्यासिनो साग्रिला, लाजिम्पाट, काठमाडौं (इं.स. २००६-२०१३)	यस वित्तिय संस्था मा विगत ८ वर्ष देखि सञ्चालकको अनुभव
३	श्री तुलसी राम खनाल	सञ्चालक (संस्थापक समूह)	५९	नेपाली	पकवादी-५, स्याङ्जा	५१,४१५	स्नातक (शिक्षाशास्त्र संकाय).	नेपाल सरकारको अधिकृत स्तरिय पदमा ५ बर्षको कार्यानुभव	यस वित्तिय संस्थामा विगत ४.५ वर्ष देखि सञ्चालकको अनुभव
४	श्री राजन तिवारी	सञ्चालक (सर्वसाधारण समूह)	२९	नेपाली	अर्जुन चौपारी-६, स्याङ्जा	३४०	स्नातक (व्यवस्थापन संकाय)	क्यापिटल मार्केटमा ५ बर्षको कार्यानुभव	यस वित्तिय संस्थामा विगत ५ वर्ष देखि सञ्चालकको अनुभव
५	श्री यम कुमार खड्का	सञ्चालक (सर्वसाधारण समूह)	४०	नेपाली	सन्धीखर्क-१२, अर्घाखाँची	३०६	स्नातक (व्यवस्थापन संकाय)	क्यापिटल मार्केटमा ३.५ बर्षको कार्यानुभव	यस वित्तिय संस्थामा विगत ३ वर्ष देखि सञ्चालकको अनुभव
६	प्रा. भार्गव धिताल	स्वतन्त्र सञ्चालक	६१	नेपाली	तिलोतमा-६, रुपन्देही	–	स्नातकोत्तर (पशु विज्ञान संकाय)	त्रिभुवन विश्वविद्यालय कृषी र पशु विज्ञान अध्ययन संस्थानमा डिनमा कार्यरत	यस वित्तिय संस्थामा विगत ३.५ वर्ष देखि सञ्चालकको अनुभव

नोटः मिति २०८०/०२/१९ गतेबाट लागुहुने गरी डा. अनिता ढुङ्गना ज्यूले राजिनामा दिनुभएको हुँदा उक्त सञ्चालक पद रिक्त रहेको छ ।

१०. धितोपत्र जारी गर्नुको उद्देश्य :

क) संस्थापक र सर्वसाधारण तर्फको पुँजी संरचना ७०:३० कायम गर्न ।
ख) लघुवित्त वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पुँजी संकलन गर्न ।
ग) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गनुपर्ने कार्यहरुको लागि आवश्यक पुँजी जुटाउन ।

११. सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अंकित मुल्यसम्म मात्र सीमित रहनेछ ।

१२. सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै संगठित संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिष्पर्धि बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरणः

वासलात (रु. हजारमा)

पुँजी तथा दायित्व	वास्तविक आ.व.२०७६/७७
शेयर पुँजी	१७६,१७०
जगेडा तथा कोषहरु	३४,५२८
ऋणपत्र तथा बण्ड	–
तिर्न बाँकी कर्जा सापट	१,७३४,०६४
निक्षेप दायित्व	७७३,०८५
प्रस्तावित लाभांश	–
आयकर दायित्व	–
अन्य दायित्व	३६,९३१
कुल पुँजी तथा दायित्व	**२,७५४,७७८**
सम्पत्ति	**आ.व.२०७६/७७**
नगद मौज्दात	२८,७३३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३०,०९०
बैंक /वित्तीय संस्थामा रहेको मौज्दात	२४६,२८८
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	–
लगानी	१२४,०००
कर्जा सापट	२,२८६,२०३
स्थिर सम्पत्ति	१७,२९७
गैर बैंकिङ्ग सम्पत्ति	–
अन्य सम्पत्ति	२२,१६९
कुल सम्पत्ति	**२,७५४,७७८**

विवरण	वास्तविक आ.व.२०७७/७८	वास्तविक आ.व.२०७८/७९
सम्पत्ति		
नगद तथा नगद समान	३८८,८१८	१८३,८५१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने	२०,०९०	२०,०९०
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–
अन्य व्यापारिक सम्पत्तिहरु	–	–
सहकारी तथा लघुवित्त वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	–	–
ग्राहकलाई दिएको कर्जा तथा सापटी	२,९७०,३४२	३,५२४,६२६
धितोपत्रमा लगानी	४८,३५९	५३,४३८
चालु कर सम्पत्ति	७,०८७	–
लगानी सम्पत्तिहरु	–	–
सम्पत्ति तथा उपकरण	२६,५२५	५६,४२६
ख्याति तथा अमुर्त सम्पत्ति	१३८,१०१	१३८,१०१
स्थगन कर सम्पत्ति	९,०६८	४,६६८
अन्य सम्पत्ति	४,००५	४,५६४
कुल सम्पत्ति	**३,६१२,३९५**	**३,९८५,७६३**
दायित्व		
बैंक/वित्तीय संस्थालाई तिर्न बाँकी	–	–
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–
ग्राहकको निक्षेप	९१६,५१०	१,१८८,३१८
तिर्न बाँकी कर्जा तथा सापटी	२,२०४,८७७	२,२२९,३१८
चालु कर दायित्व	–	६४०
व्यवस्था	–	–
स्थगन कर दायित्व	–	–
अन्य दायित्व	५३,४७६	१०८,७११
जारी गरिएको ऋणपत्र	–	–
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	–	–
कुल दायित्व	**३,१७४,८६३**	**३,५२६,८८७**
इक्विटी		
शेयर पुँजी	१७६,१७०	२२९,०२१
शेयर प्रिमियम	–	–
संचित मुनाफा	२,०९४	३,६७२
जगेडा तथा कोषहरु	२५९,२६९	२२६,१८४
कुल इक्विटी	**४३७,५३२**	**४५८,८७७**
कुल दायित्व र इक्विटी	**३,६१२,३९५**	**३,९८५,७६३**

नाफा नोक्सान हिसाब (रु. हजारमा)

विवरण	वास्तविक आ.व.२०७६/७७
व्याज आम्दानी	३३३,४०३
व्याज खर्च	१७१,६७३
खुद व्याज आम्दानी	**१६१,७३०**
कमिशन तथा अन्य संचालन आम्दानी	३५,७१३
सटही घटबढ आम्दानी	–
कुल सञ्चालन आम्दानी	**१९७,४४३**
कर्मचारी खर्च	६८,००१
अन्य सञ्चालन खर्च	२७,८९३
सटही घटबढ नोक्सान	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**१०१,५४९**
सम्भावित नोक्सानी व्यवस्थाहरु	६७,९८२
सञ्चालन मुनाफा	**३३,५६८**
गैर सञ्चालन आम्दानी/खर्च	–
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	१८,६८५
नियमित कारोवारहरुबाट भएको मुनाफा	**५२,२५३**
असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**५२,२५३**
कर्मचारी बोनस व्यवस्था	५,२२५
आयकर व्यवस्था	१४,१०८
यस वर्षको कर व्यवस्था	१४,१०८
गत वर्षसम्मको कर व्यवस्था	–
यस वर्षको स्थगन कर (आम्दानी) र खच	–
खुद नाफा/नोक्सान	**३२,९१९**

विवरण	वास्तविक आ.व.२०७७/७८	वास्तविक आ.व.२०७८/७९
व्याज आम्दानी	४१७,८०९	५२३,४४१
व्याज खर्च	१७०,८७३	२९४,९६३
खुद व्याज आम्दानी	**२४६,९३६**	**२२८,५७८**
शुल्क तथा कमिशन आम्दानी	५८,५१३	३३,८७३
शुल्क तथा कमिशन खर्च	–	–
खुद शुल्क र कमिशन आम्दानी	**५८,५१३**	**३३,८७३**
खुद व्याज, शुल्क र कमिशन आम्दानी	**३०५,४४९**	**२६२,४५१**
खुद व्यापारिक आम्दानी	–	–
अन्य सञ्चालन आम्दानी	–	–
जम्मा सञ्चालन आम्दानी	**३०५,४४९**	**२६२,४५१**
कर्जा तथा अन्य हानीको नोक्सानी व्यवस्था/(फिर्ता)	८	(७,१२२)
खुद सञ्चालन आम्दानी	**३०५,४४१**	**२६९,५७३**
सञ्चालन खर्च		
कर्मचारी खर्च	१२८,४७७	१५५,५५७
अन्य सञ्चालन खर्च	४६,३८४	४७,८३०
ह्रासकट्टी र परिशोधन	६,११४	१७,१३९
सञ्चालन मुनाफा	**१२४,४६६**	**४९,०४७**
गैर संचालन आम्दानी	–	–
गैर संचालन नोक्सानी	–	–
आयकर अघिको मुनाफा	**१२४,४६६**	**४९,०४७**
आयकर खर्च	**३२,५५६**	**२८,४६१**
चालु कर	३६,७३५	२८,५१५
स्थगन कर	(४,१७९)	(५५)
यस अवधिको मुनाफा	**९१,९१०**	**२०,५८६**
नाफा बाँडफाँड		
वित्तीय संस्थाको शेयरधनी	९१,९१०	२०,५८६
यस अवधिको मुनाफा	९१,९१०	२०,५८६

नोटः आ.ब. २०७६/०७७ को वित्तीय विवरण (GAAP) बमोजिम रहेको तथा आ.ब. २०७७/०७८ र आ.ब. २०८८/०७९ को वित्तीय विवरण NFRS बमोजिम रहेकोले छुट्टाछुट्टै प्रस्तुत गरिएको ।

वित्तीय संस्थाको आ.ब. २०७९/०८० को अपरिष्कृत वित्तीय विवरण तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान देहाय बमोजिम रहेको छ ।

वासलात (रु. हजारमा)

विवरण	अपरिष्कृत	प्रक्षेपित		
	आषाढ मसान्त २०८०*	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
सम्पत्ति				
नगद तथा नगद समान	२००,५०१	२०४,५११	२०८,६०१	२१२,७७३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने	६६,०९०	७२,६९९	७९,९६९	८७,९६६
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	–	–	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–	–	–
अन्य व्यापारिक सम्पत्तिहरु	–	–	–	–
सहकारी तथा लघुवित्त वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	–	–	–	–
ग्राहकलाई दिएको कर्जा तथा सापटी	३,२९८,०६७	३,८९९,०९५	४,४८८,७०६	५,०१०,५६७
धितोपत्रमा लगानी	१,०००	१,०००	१,०००	१,०००
चालु कर सम्पत्ति	१०,३३९	–	–	–
लगानी सम्पत्तिहरु	–	–	–	–
सम्पत्ति तथा उपकरण	१०,३४२	२१,७९५	१४,८२१	८,५४६
ख्याति तथा अमुर्त सम्पत्ति	–	–	–	–
स्थगन कर सम्पत्ति	४,६६८	४,६६८	४,६६८	४,६६८
अन्य सम्पत्ति	२४१,८१६	२४३,६५४	२४५,६७५	२४७,८९९
कुल सम्पत्ति	**३,८३२,८२४**	**४,४४७,४२२**	**५,०४३,४४१**	**५,५७३,४१८**
दायित्व				
बैंक/वित्तीय संस्थालाई तिर्न बाँकी	–	–	–	–
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	–	–	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–	–	–
ग्राहकको निक्षेप	१,१२४,३८६	१,२६४,९३४	१,४२३,०५१	१,६००,९३२
तिर्न बाँकी कर्जा तथा सापटी	२,१४४,२६०	२,५६३,२९३	२,९४४,१९१	३,२०८,१५४
चालु कर दायित्व	२३२	२४९	६,३०३	१६,३५९
व्यवस्था	–	–	–	–
स्थगन कर दायित्व	१,८८१	१,८८१	१,८८१	१,८८१
अन्य दायित्व	९३,३२१	११७,९१२	१३५,२५९	१५४,२४१
जारी गरिएको ऋणपत्र	–	–	–	–
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	–	–	–	–
कुल दायित्व	**३,३६४,०८०**	**३,९४८,२६९**	**४,५१०,६८५**	**४,९८१,५६६**
इक्विटी				
शेयर पुँजी	२२९,०२१	२४६,८६६	२४६,८६६	२४६,८६६
शेयर प्रिमियम	–	–	–	–
संचित मुनाफा	९,६१४	२२,९१८	४९,१२९	९५,२२४
जगेडा तथा कोषहरु	२३०,१०९	२२९,३६८	२३६,७६१	२४९,७६२
कुल इक्विटी	**४६८,७४३**	**४९९,१५२**	**५३२,७५६**	**५९१,८५२**
कुल दायित्व र इक्विटी	**३,८३२,८२४**	**४,४४७,४२२**	**५,०४३,४४१**	**५,५७३,४१८**

नाफा नोक्सान हिसाब (रु. हजारमा)

विवरण	अपरिष्कृत	प्रक्षेपित		
	आषाढ मसान्त २०८०*	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
व्याज आम्दानी	५५५,७३३	६०५,८०६	६९१,६९३	७७८,२१३
व्याज खर्च	३६४,९९६	३५९,७७०	३८५,५८६	४१२,७००
खुद व्याज आम्दानी	**१९०,७३६**	**२४६,०३६**	**३०६,१०७**	**३६५,५१३**
शुल्क तथा कमिशन आम्दानी	२,६१६	२,८७७	३,१६५	३,४८१
शुल्क तथा कमिशन खर्च	–	–	–	–
खुद शुल्क र कमिशन आम्दानी	**२,६१६**	**२,८७७**	**३,१६५**	**३,४८१**
खुद व्याज, शुल्क र कमिशन आम्दानी	**१९३,३५२**	**२४८,९१३**	**३०९,२७२**	**३६८,९९४**
खुद व्यापारिक आम्दानी	–	–	–	–
अन्य सञ्चालन आम्दानी	३९,८३८	४३,८२२	४८,२०४	५३,०२४
जम्मा सञ्चालन आम्दानी	**२३३,१९०**	**२९२,७३५**	**३५७,४७५**	**४२२,०१८**
कर्जा तथा अन्य हानीको नोक्सानी व्यवस्था/(फिर्ता)	(११,६३३)	९,८९६	२५,९९०	२५,४७०
खुद सञ्चालन आम्दानी	**२४४,८२३**	**२८२,८३९**	**३३१,४८५**	**३९६,५४८**
सञ्चालन खर्च	**२३३,८९५**	**२५८,४७२**	**२८३,४८०**	**३१२,१२५**
कर्मचारी खर्च	१६०,६५५	१७७,०७९	१९५,४९७	२१६,७३९
अन्य सञ्चालन खर्च	७३,२३९	७३,६४५	८१,०१०	८९,११०
ह्रासकट्टी र परिशोधन	–	७,७४८	६,९७३	६,२७६
सञ्चालन मुनाफा	**१०,९२८**	**२४,३६७**	**४८,००५**	**८४,४२३**
गैर संचालन आम्दानी	-			
गैर संचालन नोक्सानी	-			
आयकर अघिको मुनाफा	**१०,९२८**	**२४,३६७**	**४८,००५**	**८४,४२३**
आयकर खर्च	–	७,३१०	१४,४०२	२५,३२७
चालु कर	३,२७८	७,३१०	१४,४०२	२५,३२७
स्थगन कर	-			
यस अवधिको मुनाफा	**७,६५०**	**१७,०५७**	**३३,६०४**	**५९,०९६**
नाफा बाँडफाँड				
वित्तीय संस्थाको शेयरधनी		१७,०५७	३३,६०४	५९,०९६
यस अवधिको मुनाफा	**७,६५०**	**१७,०५७**	**३३,६०४**	**५९,०९६**

* **नोटः** व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित आ.व.२०७९/८० आषाढ मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।

लघुवित्त वित्तीय संस्थाको प्रक्षेपणका आधारहरु तथा तरिका :

विवरण	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	१२.५०%	१२.५०%	१२.५०%
कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	१८.१६%	१५.४९%	११.९२%
कुल आयमा औषत बृद्धिदर	९.०८%	१३.८८%	१२.३४%
कुल खर्चमा औषत बृद्धिदर	६.९६%	१०.६५%	७.९५%
संचालन खर्च तथा कुल आम्दानी अनुपात	३८.४२%	३७.२१%	३६.६४%
खुद मुनाफामा औषत बृद्धिदर	१२२.९७%	९७.०१%	७५.८६%
निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	७.५०%	७.५०%	७.५०%
ऋणको औषत ब्याजदर (प्रतिशतमा)	११.४८%	१०.३४%	९.७३%
कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा)	१५.००%	१४.८८%	१४.९९%
निक्षेप लगानीमा औषत ब्याजदर (प्रतिशतमा)	८.२२%	७.२५%	६.४०%
आयकर व्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	३.४८%	३.१३%	२.८२%
लगानीमा प्रतिफल	०.४२%	०.७२%	१.१५%
अन्य संचालन खर्चका वृद्धिदर	१०.१६%	१०.२८%	१०.६१%
कर्मचारी खर्चमा बृद्धिदर	१०.२२%	१०.४०%	१०.८७%
Loan loss provision to Total Gross Loan	१.९१%	२.२२%	२.४८%
Loan and advances to Share Capital Ratio	७९६.३२%	८६१.६४%	८६८.०९%
Return on Equity	६.३२%	११.३५%	१७.२७%
Primary Capital to RWA	७.७८%	७.४७%	७.८१%
Credit to Deposit and borrowing ratio	१०३.८३%	१०५.११%	१०६.८४%
Total Capital to RWA	९.०३%	८.७३%	९.०७%
CLR	५.७५%	५.६२%	५.४९%
SLR	२१.९१%	२०.२८%	१८.७९%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

१. कर्जा तथा सापट :
क) गत आर्थिक वर्ष २०७९/८० मा कर्जा तथा अग्रिम ६.६१ प्रतिशतले घटेको छ । व्यवस्थापनले आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा क्रमश: १८.१६, १५.४९ र ११.९२ प्रतिशतले कर्जा प्रवाह बढाउने योजना बनाएको छ ।
ख) ऋण र अग्रिम ब्याज दर २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि क्रमश: औसत १५%, १४.८८% र १४.९९% अनुमान गरिएको छ ।
ग) आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि कुल कर्जा र अग्रिममा ऋण घाटाको प्रावधान १.९१%, २.२२% र २.४८% हुने प्रक्षेपण गरिएको छ ।

२. निक्षेप :
क) गत आर्थिक वर्ष २०७९/८० मा निक्षेप ५.३८ प्रतिशतले घटेको छ तर व्यवस्थापनले प्रत्येक आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ का निक्षेपमा १२.५ प्रतिशतले वृद्धि गर्ने योजना बनाएको छ ।
ख) निक्षेप दायित्वहरूमा औसत ब्याज दर प्रत्येक आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि क्रमश: ७.५०% हुने प्रक्षेपण गरिएको छ।

३. तरलता :
क) आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि क्रमश: २१.९१%, २०.२८% र १८.७९% अनुमानित वैधानिक तरलता रिजर्भको साथ लगानीको अनुमान गरिएको छ ।
ख) आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि क्रमश: ५.७५%, ५.६२% र ५.४९% अनुमानित अनिवार्य तरलता रिजर्भको साथमा लगानीको अनुमान गरिएको छ ।

४. अन्य :
क) सञ्चालन मुनाफाको १०% कर्मचारी बोनसको लागि प्रदान गरिएको छ ।
ख) आयकर दर सबै अनुमानित वर्षहरूको लागि ३०% को रूपमा लिइएको छ ।
ग) वित्तीय प्रक्षेपणहरू विगतका वर्षहरूको सञ्चालन परिणामहरू र आगामी वर्षहरूको लागि व्यवस्थापनको प्रक्षेपण अनुसार बनाइएको छ ।
घ) पुँजी पर्याप्तता नेपाल राष्ट्र बैंकको परिपत्र अनुसार गणना गरिएको छ । मर्जरको कारण उत्पन्न हुने सद्भावना पुँजी पर्याप्तता अनुपातको गणनाको प्रयोजनको लागि प्राथमिक पुँजीबाट कटौती गरिएको छैन । आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा पुँजी कोष र जोखिम भारित सम्पत्तिको अनुपात क्रमश: ९.०३%, ८.७३% र ९.०७% अनुमान गरिएको छ। त्यस्तै प्राथमिक पुँजी कोष अनुपात आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ को लागि क्रमश: ७.७८%, ७.४७% र ७.८१% अनुमान गरिएको छ ।

१४. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ :

सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।

विवरण	वास्तविक (रु.हजारमा)			अपरिष्कृत आ.ब. २०७९/८० आषाढ मसान्त*	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९		आ.ब. २०८०/८१	आ.ब. २०८१/८२	आ.ब. २०८१/८३
चुक्ता पुंजी	१७६,१७०	१७६,१७०	२२९,०२१	२२९,०२१	२४६,८६६	२४६,८६६	२४६,८६६
साधारण/ बैधानिक जगेडा कोष	२३,०८४	२५९,२६९	२२६,१८४	२३०,१०९	२२९,३६८	२३६,७६१	२४९,७६२
सञ्चित नाफा/नोक्सान	९०६	२,०९४	३,६७२	९,६१४	२२,९१८	४९,१२९	९५,२२४
कुल	**२००,१६०**	**४३७,५३२**	**४५८,८७७**	**४६८,७४३**	**४९९,१५२**	**५३२,७५६**	**५९१,८५२**
घटाउने : अपलेखन गर्न बाँकी खर्चहरु	–	–	–	–	–	–	–
कुल नेटवर्थ	**२००,१६०**	**४३७,५३२**	**४५८,८७७**	**४६८,७४३**	**४९९,१५२**	**५३२,७५६**	**५९१,८५२**
शेयर संख्या (हजारमा)	१,७६२	१,७६२	२,२९०	२,२९०	२,४६९	२,४६९	२,४६९
प्रति शेयर नेटवर्थ (रु.)	११३.६२	२४८.३६	२००.३६	२०४.६७	२०२.२०	२१५.८१	२३९.७५
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा प्रतिफल	१९.३७%	२४.९५%	२.५४%	१.६३%	३.४२%	६.३१%	९.९९%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा							२.६३%

* **नोटः** व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित आ.व.२०७९/८० आषाढ मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : १५.६२%

संगठित संस्थाको प्रक्षेपित वित्तिय विवरण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री एस.पि.एस.ए. एण्ड एसोसियट्सका सिएले प्रमाणित गर्नु भएको हो ।

१५. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१.	श्री प्रेम बहादुर पाठक	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	२०७७।०३।२६	निर्धन उत्थान बैंक लि. उच्च व्यवस्थापकीय तहमा १६.५ वर्ष तथा यस वित्तीय संस्थामा ९ वर्ष सहित लघुवित्तमा २५ बर्ष भन्दा धेरैको कार्यानुभव ।	३,२३६
२.	श्री नारायण अधिकारी	नायव प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७७।०७।०१	ग्रामीण विकाश लघुवित्तमा ११ वर्ष, इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंकमा ५ वर्ष, पूणिमा विकाश बैंकमा ६ वर्ष तथा यस वित्तीय संस्थामा ३ वर्षको कार्यानुभव	४८,७२४
३.	श्री हरिहर गौतम	बरिष्ठ प्रवन्धक	स्नातकोत्तर	२०७१।०४।१४	निर्धन उत्थान बैंक लि करिव ४.५ वर्ष तथा उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थामा विगत १० वर्ष देखि व्यवस्थापकिय तहको कार्यानुभव	९४२
४.	श्री प्रदिप कुमार यादव	प्रवन्धक	स्नातकोत्तर	२०७४।०७।१५	सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडमा विभागिय प्रमुख २.५ बर्ष तथा उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थामा विगत ७ वर्ष देखि व्यवस्थापकीय तहमा विभागीय प्रमुखको कार्यानुभव	–

१६. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

संगठित संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र सम्पूर्ण निक्षेपकर्ता एकैपटक निक्षेप रकमको भुक्तानी माग गर्न आएमा भुक्तानी दिन समस्या पर्ने जोखिम

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- यस संस्था लघुवित वित्तीय संस्था भएकोले कच्चा पदार्थको अभावबाट हुने जोखिम नभएको ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको अस्थित्वले उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
- लघुवित्त वित्तीय संस्था भएकोले आयोजना नहुनेहुदा सो सम्बन्धी जोखिम नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय कारोवार नहुने हुँदा प्रत्यक्ष रुपमा जोखिम नभएको ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
- वित्तीय संस्थाको नियमित संचालनको लागि आवश्यक ईजाजतपत्रप्राप्त गरी विगत १० वर्षदेखी कारोवार गर्दै आएकोले सो सम्बन्धी अवरोधहरुको जोखिम नभएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पुँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :
- कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्टार कार्यालयमा मिति २०७०/०९/१७ मा दर्ता भई मिति २०७१/०६/१३ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त गरी मिति २०७१/०७/२१ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाका वित्तीय कारोवार संचालन गर्दै आएको हुनाले सञ्चालन इतिहासको अभावको जोखिम नरहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- प्रविधि सम्बन्धी परिवर्तनबाट संगठित संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । संगठित संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न संगठित संस्था सक्षम रहेको छ । साथै, समयानुकूल परिमार्जन गर्न परेमा थप खर्च बढ्न सक्ने र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने भएकोले प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम समय समयमा लिईरहेको छ ।

(ट) अन्य :
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढाववाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तनुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

संगठित संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संगठित संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ संगठित संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संगठित संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

- विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि ।
- समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने ।
- System Procedure मजबुत बनाउने ।
- डिजिटल प्लेटफमहरु लागु गर्ने । जस्तै: स्वचालित रिमाइन्डर अलर्ट, SMS अलर्ट कार्यान्वयन गर्ने ।

साथै कर्जा खराब हुन नदिन कम्पनीको योजना, बजार प्रतिस्पर्धाबाट हुने जोखिमको योजना देहाय बमोजिम रहेको छ ।

- कर्जा लगानी पूर्व विश्लेषण तथा लगानी पश्चात सदुपयोगिता निरिक्षण गरी सदुपयोगिता गराउने ।
- विभिन्न भड्काव तथा प्रलोभनमा परी किस्ता नतिरेका ऋणीहरुलाई समेत भविश्यमा सेवा पाउने सुनिश्चितता, भरोसा तथा विश्वसनीयता दिलाउने ।
- ग्राहकको मनोवल उच्च राख्ने ।
- ग्राहक सम्बन्धी वित्तीय साक्षरता कार्यक्रमलाई निरन्तर राख्ने ।
- भविष्यमा जोखिम कर्जा बृद्धि हुन नदिन आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र मजबुत बनाउने ।
- कर्मचारीहरुलाई दक्षता अभिवृद्धि तालिम तथा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने ।
- जोखिम कर्जा न्युनिकरण गर्न देहायको संयन्त्र परिचालन यथावत राखिने ।
  - क) नायव प्रमुख कार्यकारी अधिकृत,
  - ख) विभागीय प्रमुखहरु,
  - ग) अनुगमन अधिकृतहरु ।

जोखिम न्यूनिकरणका लागि संस्थाका सवारीसाधन, स्थिर सम्पत्तिहरु तथा भल्टको बीमा गरेको विवरण :

क्र.सं.	बीमा	बीमा कम्पनीको नाम	सुरु हुने मिति	अवधी*	प्रिमियम रकम (रु.)	बीमा रकम
१	निजी सवारी साधान	सगरमाथा इन्सोरेन्स कं. लि.	२१/०८/२०२२	२०/०८/२०२३	४३,६८२.३६	४०,५०,०००
२	मार्गस्थ नगद बीमालेख	नेको इन्सोरेन्स लि.	०४/०९/२०२२	०३/०९/२०२३	१४,६१०.९०	१२,००,०००
३	विद्युतीय उपकरण बीमालेख	नेको इन्सोरेन्स लि.	०४/०९/२०२२	०३/०९/२०२३	११,३३३.९०	१०,००,०००

***नोटः** माथि उल्लेखित बीमा लेखको समयावधि समाप्त भएको खण्डमा नविकरण गरिनेछ, र विगतमा पनि निरन्तर नविकरण गरिदै आइएको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

प्रति साधारण शेयर रु.१००/- को दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र देहाय अनुसार प्रत्याभुत गराइएको छ ।

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभुत शेयर कित्ता	प्रत्याभुत गरिएको रकम (ने.रु.)
१	एनएमबि क्यापिटल लिमिटेड	१,७८,४५१.१८	१,७८,४५,११८/-
	जम्मा	१,७८,४५१.१८	१,७८,४५,११८/-

१८. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदकालागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्तालाई प्रत्याभूति सम्भौतामा उल्लेख भएको शर्त बमोजिम खरिद हुनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था: शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा रोक्का कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर : "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरी गरिनेछ ।

(ङ) धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : लघुवित्त वित्तीय संस्थाको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । थप सार्वजनिक निष्काशन गरिने शेयर बाँडफाँड पश्चात् आवश्यक प्रक्रिया पुरा गरी सूचिकरण गरिनेछ ।

(च) धितोपत्र सुचिकरण भैसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : लघुवित्त वित्तीय संस्थाको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको छ तथा थप सार्वजनिक निष्काशन मार्फत जारी गरिने शेयर निष्काशन तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका १२, रुपन्देही वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्युनतम १० कित्ता तथा सो ले भाग जाने संख्यामा अधिकतम १,००० कित्ताका लागि आवेदन दिन सकिने छ ।

२०. आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :

सर्वसाधारण नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सकिनेछ ।
२. आवेदकले आवेदन फारममा तोकिए बमोजिमका सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी बुझाउनु पर्नेछ ।
३. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।
   (क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),
   (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
   (ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
   (घ) आवेदकको स्थायी ठेगाना,
   (ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
   (च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
   (छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,
   (ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,
   (झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)
४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
५. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।
६. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
७. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सके पछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।
८. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
११. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

२१. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

थप साधारण शेयर निष्काशन गरी प्राप्त हुने पुँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यावसायिक प्रयोजनमा उपयोग गरिनेछ । थप साधारण शेयर निष्काशन गरी प्राप्त हुने पुँजी रु.१,७८,४५,११८/- (अक्षरेपी एक करोड अठहत्तर लाख पैतालिस हजार एक सय अठार रुपैयाँ) वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

क्र.सं.	शिर्षक	प्रतिशत	रकम रु.
१	कर्जा तथा सापट	१५%	२,६७६,७६७।७०
२	लगानी	७०%	१२,४९१,५८२।६०
३	शाखा विस्तार	१०%	१,७८४,५११।८०
४	अन्य	५%	८९२,२५५।९०
	जम्मा	१००%	१७,८४५,११८

साथै, लगानीमा रहेको ७०% रकम मध्ये कृषी क्षेत्रमा ८०% लगानी गरिने छ र बाँकी २०% लघु उद्यम व्यपारमा लगानी गरिने छ । कर्जा तथा सापटमा रहेको १५% रकम विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा भुक्तानी गर्न प्रयोग गरिनेछ । अन्यमा रहेको ५% तरलता व्यवस्थापन अन्तर्गत प्रयोग गरिनेछ ।

नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन सहित) सम्बन्धी व्यवस्थाको परिच्छेद २ को विनियम ४ (२) को व्यवस्था अनुसार वित्तीय संस्थाले कुल जारी पुँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जारी गर्ने व्यवस्था वित्तीय संस्थाले मिलाउनुपर्नेछ भनिएकोले रु.१,७८,४५,११८/- रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १,७८,४५१.१८ कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको ।

२२. निष्काशन बैंक (Bankers to the Issue) :

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं
१	श्री सिद्धार्थ बैंक लि, हात्तिसार, काठमाण्डौं ।	००१२०३३७७३६

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र पाइने स्थानहरुः
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२.	उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, सिद्धार्थनगर नगरपालिका १२, रुपन्देही ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, र निष्काशनकर्ता कम्पनीको वेभसाइट www.unnatislbs.com र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२४. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री रिकेश श्रेष्ठलाई फोन नं.:४५२०९२४ मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४५२०९२४/४५२०९२५, फ्याक्सः ४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com